आज मिति २०८१ असार महिनाको ८ गते यस ब्याँस गाउँपालिका अध्यक्ष श्री मंगल सिंह धामीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ सभा सदस्यहरूको उपस्थितिमा ब्याँस गाउँपालिकाको १६ औं गाउँसभा अधिवेशनको बैठक बसी देहायका निर्णयहरू गरियो ।

उपस्थिति :

१. मंगल सिंह धामी (अध्यक्ष)
२. विनोद सिंह कुँवर (सदस्य)
३. अशोक सिंह बोहरा (सदस्य)
४. धिरन सिंह बुढाथोकी (सदस्य)
५. उपेन्द्र सिंह धामी (सदस्य)
६. झुन सिंह विष्ट (सदस्य)
७. विर सिंह धामी (सदस्य)
८. राजेन्द्र सिंह कुँवर (सदस्य)
९. असपाल सिंह बुढाथोकी (सदस्य)
१०. आसमति विसि (सदस्य)
११. कलम राम मूल (सदस्य)
१२. कलावती डगाल (सदस्य)
१३. धाना देवि वम (सदस्य)
१४. पुर्णिमा रेतवाल (सदस्य)
१५. देवु कामी (सदस्य)
१६. हितेश बुढाथोकी (सदस्य)
१७. राहुल लामा (सदस्य)
१८. माया धामी जोहारी (सदस्य)
१९. कुसुमा कामी (सदस्य)
२०. नरेन्द्र सिंह धामी (सदस्य)
२१. नरेन्द्र सिंह धामी (सदस्य)
२२. इश्वरी पार्की (सदस्य)
२३. राइ सिंह कुवर (सदस्य)
२४. नरेन्द्र सिंह कुवर (सदस्य)
२५. विमला कुवर (सदस्य)
२६. शान्ति जोशी (सदस्य)
२७. प्रेम सिंह धामी (सदस्य)

सुसला २८. सुशिला टमटा (सदस्य)
२९. रमेश सिंह कुवर (सदस्य)
३०. मदन सिंह धामी (सदस्य)
धाना ३१. धाना विर बोहरा (सदस्य)
३२ पशुपति टमटा (सदस्य)
३३. अमर सिंह धामी (सदस्य)
३४ विष्णु दत्त भट्ट (सदस्य)
३५. चन्द्र सिंह कुवर (सचिव)

अन्य उपस्थिति,
१. कृष्णानन्द बडु (अधिकृत हेल्थ)
२. नन्दन सिंह धामी (सहायक पञ्चौ)
३. मुकेश सिंह कुवर अधिकृत हेल्थ स्वास्थ्य
४. प्रेम सिंह कोठारी (स.इ.)
५. शिव राज बडु (सूचना प्रविधि अधिकृत)
५. गोपाल सिंह बिष्ट (लेखापाल)
६. शिलेन्द्र सिंह डडाल (आ.लो.प)
७. सरस्वती कुँवर (स.म.वि.नि)
८ सपना सिंह (सहायक पञ्चौ)
९- प्रकाश सिंह कुवर
१० सोविन्द्र सिंह खाती (खा.प)
११ जगदिश प्रसाद बडु (खा.प.सु रे)
१२- विश्वेश्वर प्रसाद बडु (नी.प्रा.ह)
१३- जगदिश ओखडा (ना.प्रा.स)
१४. प्रदिप राम कामी (ना.प्रा.वि)
१५. जनक सिंह खाती (आ.लै.व.)
१६. बिन्दु अवस्थी (फि.सं)
१७. कलावती कुमखोकी (पोषण सहयोगकर्ता)
१८ कमला पन्त (बा.स.)
१९ प्रेम सिंह खाती (मा.प)
20 लालदेव भट्ट (ना.प्र.ह)
२१ श्री बलेन्द्र नाथ (प्रहरी निरीक्षक, इलाका प्रहरी हती
२२ विरदत्त भाई (ग.कि.ज)
२३ अन्जली कुवंर (नायाप्राल)
२४ सुरेन्द्र सिंह कुवर (ना.प.से.गौ)

कार्यपालिका ...
ब्यास,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्तावहरु**

१. शहीदहरु प्रति सम्मान र श्रद्धाञ्जली सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम स्वीकृती सम्बन्धमा ।

३. ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को आर्थिक विधेयक मस्यौदा प्रस्तुत गर्ने, छलफल गर्ने र स्वीकृत गर्ने सम्बन्धमा ।

४. आर्थिक वर्ष २०८१।०८२ को बजेट बक्तब्य सम्बन्धमा ।

५. आर्थिक वर्ष २०८१।०८२ को विनियोजन विधेक पेश गर्ने, दफावार छलफल गर्ने र स्वीकृत गर्ने सम्बन्धमा ।

६. योजना तथा कार्यक्रम शंशोधन सम्बन्धमा ।

७. लेखा समितिले पेश गरेको आव २०७४।०७५ देखि २०७९।८० सम्मको वेरुजु सम्बन्धमा ।

८. अल्या रकम बाडफाड सम्बन्धमा ।

९. विविध ।

निर्यण नं १. नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि विभिन्न कालखण्डमा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जिवन उत्सर्ग गरि हामीलाई समतामुलक समाज निर्माणको अग्रपथमा सदैव अगाडी बढी रहन प्रेरणा दिनुहुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ । साथै लोकतन्त्रलाई संस्थागत गर्न क्रममा घाइते तथा अङ्ग भङ्ग हुनुभएका सबै व्यक्तिहरुको स्वास्थ्य लाभको कामना गर्दछौ ।

निर्णय नं २. यस ब्याँस गाउँपालिकाको १६ औ गाउँसभा बैठकमा गाउँ सभा अध्यक्ष मंगल सिह धामीज्यूको अनुमतिले उपाध्यक्ष विनोद सिह कुँवरज्यूले प्रस्तुत गर्नुभएको तपसिल बमोजिमको आव २०८१।०८२ को नीति तथा कार्यक्रम सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

निर्णय नं ३. यस ब्याँस गाउँपालिकाको १६ औ गाउँसभा बैठकमा गाउँसभा सदस्य झुन सिह विष्टज्यूले प्रस्तुत गर्नुभएको आर्थिक विधेयक माथी दफावार छलफल पश्चात तपसिल बमोजिम आर्थिक विधेयक सर्व सहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

## ब्याँस गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१

प्रस्तावनाः

ब्याँस गाउँपालिका आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था र्न वाच्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ब्याँस गाउँ सभाले यो ऐन नाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "ब्याँस गाउँपालिका आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि ब्याँस गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

२. सम्पत्ति करः ब्याँस गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम गाउँपालिका क्षेत्रभित्रका घर र जग्गामा कर लगाई असुलउपर गरिनेछ ।

३. भूमिकरः ब्याँस गाउँपालिकाका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमिबाहेकमा अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाई असुलउपर गरिनेछ ।

४. घरजग्गा बहाल करः ब्याँस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरि अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा बहाल कर लगाई असुलउपर गरिनेछ ।

व्यवसाय करः ब्याँस गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा संघसंस्थाले वा निकायलाई व्यवसायिक प्रकृति आर्थिक कारोबार, स्थान विशेष र लगानीको आधारमा अनुसूचि (४) बमोजिम ...

| प | खर्च शिर्षक | खरिद | लक्षित समुह | इकाइ | उदेश्य | अपेक्षित नतिजा | कुल बजेट | त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रथम | दोस्रो | तेस्रो | चौथो |
| | | | | | | | ३००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | ३००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | ५००,०००.०० | | | | |
| | | | | | | | ९००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | ५००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | ५००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | ३,०००,०००.०० | | | | |

| खर्च शिर्षक | खरिद | लक्षित समुह | इकाइ | उदेश्य | अपेक्षित नतिजा | कुल बजेट | त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम | दोस्रो | तेस्रो | चौथो |
| २११२३ | सामान/वस्तु | अन्य | संख्या | | - | ४०,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | ४०,०००.०० | | | | |

निर्णय नं ४. यस ब्याँस गाउँपालिकाको १६ औ गाउँसभा बैठकमा गाउँसभा सदस्य विनोद सिह कुँवरज्यूद्धारा तपसिल बमोजिम प्रस्तु भएको आव २०८१।०८२ को बजेट बक्तव्य सर्व सहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | खर्च शिर्षक | खरिद | लक्षित समुह | इकाइ | उदेश्य | अपेक्षित नतिजा | कुल बजेट | त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | प्रथम | दोस्रो | तेस्रो | चौथो |
| | | | | | | | | | | ३००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | | | | ३००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | | | | ५००,०००.०० | | | | |
| | | | | | | | | | | ९००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | | | | ५००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | | | | ५००,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | | | | ३,०००,०००.०० | | | | |

| क्षेत्र | उपक्षेत्र | मुख्य कार्यक्रम | मुख्य क्रियाकलाप | खर्च शिर्षक | खरिद | लक्षित समुह | इकाइ | उदेश्य | अपेक्षित नतिजा | कुल बजेट | त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | प्रथम | दोस्रो | तेस्रो | चौथो |
| कार्यल | | | | २११२३ | सामान/वस्तु | अन्य | संख्या | | - | ४०,०००.०० | २०% | ३०% | ३०% | २०% |
| | | | | | | | | | | ४०,०००.०० | | | | |

व्याँस गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छाङरु, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं ५. यस ब्याँस गाउँपालिकाको १६ औ गाउँसभा बैठकमा गाउँसभा सदस्य विर सिह धामीज्यूद्धारा तपसिल बमोजिम प्रस्तु भएको आव २०८१।०८२ को विनियोजन विधेयकमा दफावार छलफल पश्चात विनियोजन विधेयक सर्वसहमतिले स्वीकृत गर्ने निर्ण गरियो ।

तपसिल

## ब्याँस गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः**

ब्याँस गाउँपालिका आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाच्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम ब्याँस गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "ब्याँस गाउँपालिका विनियोजन ऐन, २०८१" रहेको छ ।
(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः
(क) "गाउँसभा" भन्नाले ब्याँस गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।
(ख) "कार्यपालिका" भन्नाले ब्याँस गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।
(ग) "वडा समिति" भन्नाले ब्याँस गाउँपालिका अन्तरगतका वडा समितिलाई सम्झनु पर्छ ।
(घ) संञ्चित कोष भन्नाले ब्याँस गाउँपालिकाको संञ्चित कोषलाई सम्झनु पर्छ ।

३. आर्थिक वर्ष २०८०/०८१ का निमित्त स्थानीय संञ्चित कोषबाट खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८१/०८२ का निमित्त अनुसूचि-१ (क) बमोजिम उल्लेखित जम्मा रकम रु. ३७,९५,१४,००० (अक्षरेपी सैतिस करोड पचानब्बे लाख चौध हजार) मा निर्दिष्ट गरिए बमोजिमको रकम स्थानीय संञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।
(२) आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० वार्षिक आय-व्य र आर्थिक वर्ष २०८०/०८१ को जेठ २४ गते सम्मको आय-व्यय विवरण अनुसूचि-१ (ख) मा उल्लेख भए बमोजिम रहेको छ ।
(३) आर्थिक वर्ष २०८१/०८२ को अवधिमा संघ सरकार, प्रदेश सरकार र अन्य स्थानीय सरकार तथा गैर-सरकारी संघ संस्थाहरुबाट प्राप्त भइ खर्च हुने रकम यसै ऐन बमोजिम भएको मानिनेछ ।

४. विनियोजनः (१) यस ऐनद्धारा खर्च गर्ने अधिकार दिइएको रकम अनुसूचि-२ मा उल्लेखित सीमा अनुसार विनियोजन गरिनेछ ।
(२) उपदफा (१) अनुसार विनियोजित रकममा अनुसूचि-३ अनुसारका स्रोतगत, वडागत तथा विषयगत शाखाहरुका योजना तथा कार्यक्रमहरु रहने छन ।
(३) [illegible]

__निर्णय नं ७.__ प्रस्ताव नं.७ (क) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि २०७९।०८० सम्मको महालेखापरीक्षक कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका पेश्की बेरुजु तोकिएकै समय भित्र फस्यौट भइसकेको कागजात पेश गरि पेश्की बेरुजु फस्यौट गर्न महालेखापरीक्षकको कार्यालय, काठमाडौं नेपाल वा अन्तिम लेखापरीक्षणको लागि डोरमुकाम, दार्चुला खटिएको महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

__निर्णय नं ८.__ प्रस्ताव नं.७ (ख) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि २०७९।०८० सम्मको महालेखापरीक्षक कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको असुल गर्नुपर्ने बेरुजु सम्बन्धित पक्षबाट असुल गरि बेरुजु खातामा बैंक दाखिला गरेको कागजात पेश गरि असुल गर्नुपर्ने बेरुजु फस्यौट गर्न महालेखापरीक्षकको कार्यालय, काठमाडौं नेपाल वा अन्तिम लेखापरीक्षणको लागि डोरमुकाम, दार्चुला खटिएको महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

__निर्णय नं ९.__ प्रस्ताव नं.७ (ग) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि २०७९।०८० सम्मको महालेखापरीक्षक कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको प्रमाणका कागजात पेश नभएको बेरुजु सम्बन्धित पक्षबाट आवश्यक प्रमाण कागजात संकलन गरि बेरुजु फस्यौट गर्न महालेखापरीक्षकको कार्यालय, काठमाडौं नेपाल वा अन्तिम लेखापरीक्षणको लागि डोरमुकाम, दार्चुला खटिएको महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

__निर्णय नं १०.__ प्रस्ताव नं.७ (घ) माथि छलफल गर्दा यस ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ देखि २०७९।०८०सम्मको महालेखापरीक्षक कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको अनियमित भएको बेरुजु तपशिल बमोजिमको प्रतिक्रया सहित आवश्यक प्रमाण कागजात पेश गरि बेरुजु फस्यौट गर्न महालेखापरीक्षकको कार्यालय, काठमाडौं नेपाल वा अन्तिम लेखापरीक्षणको लागि डोरमुकाम, दार्चुला खटिएको महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

__तपशिल__

निर्णय नं ११. प्रस्ताव नं ८ माथी छलफल गर्दा यस ब्याँस गाउँकार्यपालिका अन्तरगत चालु आर्थिक वर्ष २०८०।०८१ मा जिम्मेवारी सरिआने (अन्त्या) रकम बाँडफाँड गर्ने जिम्मेवारी आगामी कार्यपालिका बैठकलाई दिने निर्णय गरियो।

निर्णय नं १२. प्रस्ताव नं ९ माथी छलफल गर्दा दार्चुला तिङ्कर सडक ब्याँसबासीको मेरुदण्ड नै भएकोले उक्त सडकको निर्माण कार्यमा भएको ढिलासुस्ती र संघीय सरकारले आवश्यक बजेट विनियोजन गर्न नसक्दा सडकको अभावमा अझै पनि ब्याँसबासीले हिड्ने बाटो समेत नहुँदा आफ्नै घरजान पनि छिमेकी राष्ट्रको अनुमति चाहिने अवस्थामा समेत संघ सरकारले तिङ्कर सडकलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गर्न नसेकाले उक्त सडक निर्माणका लागि रकम सहयोग गर्न देशभरीका सम्पूर्ण ७५२ ओटै स्थानीय सरकारलाई ब्याँस गाउँपालिकाको तर्फबाट अनुरोध गर्ने निर्णय गरियो।